
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २४ ❑ अङ्क १०९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० बैशाख २० गते बुधबार ❑ 3 May 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## नेपाल एसिया कपमा छनोट

रासस
काठमाडौं, १९ बैशाख

एसिसी मेन्स प्रिमियर कपको उपाधि जित्दै नेपाल एसिया कपमा छनोट भएको छ ।

मंगलबार सम्पन्न एसिसी मेन्स प्रिमियर कपको फाइनलमा युनाइटेड अरब इमिरेटस् (यूएई) लाई सात विकेटले पराजित गरेसँगै नेपालले आगामी सेप्टेम्बरमा हुने एसिया कपमा स्थान पक्का गरेको हो । नेपालले एसिया कपमा समूह 'ए'मा रहेका भारत र पाकिस्तानसँग खेल्नेछ । एसिया कपको समूह 'बी' मा अफगानिस्तान, श्रीलङ्का र बङ्गलादेश रहेका छन् ।



कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको खेल मैदानमा कुल एक सय १८ रनको लक्ष्य पछ्याएको नेपालको सुरुआत खराब रह्यो । नेपालले आठ ओभर खेल्दा सुरुआती तीन विकेट गुमाएको थियो । त्यो बेला आठ ओभरको खेल समाप्त भएको थियो । ओपनर कुशल भुर्तेल एक, आशिफ शेख आठ तथा कप्तान रोहितकुमार पौडेल मात्र एक रनमा आउट भएपछि नेपाल दबाबमा परेको थियो । सङ्कटमा परेको नेपालको पारी गुलसन झा र भीम सार्कीले उकासे । दुबै जनाबीच ९६ रनको साझेदारी रह्यो । झाले ६७ र सार्कीले ३६ रनको योगदान दिए । यस क्रममा झाले ८४ बल खेल्दै छ छक्का र तीन चौका प्रहार गरे । यस्तै सार्कीले ७१ ब्ल खेल्ने क्रममा चार चौका हाने । बलिङतर्फ युएईका लागि रोहन मुस्ताफाले दुई तथा आयान अफ्जल खानले एक विकेट लिए ।

यसअघि सोमबार टस हारेर पहिला ब्याटिङ गरेको युएईले सबै विकेट गुमाउँदै ११७ रन बनाएको थियो । उसका लागि आसिफ खानले ५४ बलमा सात चौका र एक छक्काको सहयोगमा ४६ रन बनाएका थिए । ओपनर आर्यान लाक्राले २८ बलमा १३ रन बनाए । नेपालका लागि ललितनारायण राजवंशीले चार विकेट लिए । त्यस्तै करण केसी र सन्दीप लामिछानेले समान दुई-दुई तथा गुलसन झा र सोमपाल कामीले समान एक-एक विकेट लिए । नेपाल युएईलाई पराजित गरेर नेपाल पहिलोपटक एसिया कप खेल्ने लक्ष्यमा रहेको छ । हिजो यूएईले २७ दशमलव ३ ओभरमा नौ विकेटको क्षतिमा १०६ रन बनाउँदा वर्षाका कारण खेल स्थगित भएको थियो । फाइनल खेलका लागि रिजर्भ डे राखिएकाले सोमबारको खेलको निरन्तरता मंगलबार भएको हो ।

## साबिककै नगरपालिका घोषणा गर्न माग

पोखरापत्र संवाददाता
पोखरा, १९ बैशाख

पोखराका लेखनाथवासीले साबिक लेखनाथ नगरपालिका नै घोषणा गर्न सरकारसँग माग गरेका छन् । पोखरा महानगरपालिकाले विकास निर्माण कार्यमा साबिक लेखनाथका वडालाई पछाडि पारेको भन्दै लेखनाथवासीले पोखरा महानगरपालिकाबाट छुट्याएर पुनः लेखनाथ नगरपालिका घोषणा गर्न माग गरेको हुन् ।

जागरुक नागरिक समाज पोखरा-२६ कास्कीद्वारा सोमबार लेखनाथको सुन्दरीबजारमा आयोजित साबिक लेखनाथ नगरपालिका हिजो, आज र भोलि विषयक अन्तरक्रियामा सहभागीले त्यस्तो माग गरेका हुन् । विसं २०५३ माघ १८ गते त्यस क्षेत्रका चार गाविस राखी, लेखनाथ, सिसुवा र बेगनासलाई मिलाएर लेखनाथ नगरपालिका गठन गरिएको थियो । विसं २०७४ मा लेखनाथ नगरपालिका पोखरा महानगरपालिकामा गाभिएको थियो। लेखनाथ नगरपालिका रहँदा विसं २०७३ मा वार्षिक दुई अर्ब ५० करोड बजेट हुने गरेकामा पोखरा महानगरपालिकामा गाभिएपछि साबिक लेखनाथका वडालाई वार्षिक रु ३० देखि ३५ करोडमात्र प्राप्त हुँदा विकास निर्माणको कार्यले गति लिन नसकेको र भएका सडक तथा अन्य संरचाना पनि भत्किँदा पुनःनिर्माण र मर्मत हुन नसकेको गुनासो लेखनाथवासीको छ । लेखनाथ उद्योग वाणिज्य सङ्घको अगुवाइमा यहाँका स्थानीयवासीले केही दिनअघि मात्र प्रधानमन्त्री पुष्पकमल दाहल, कांग्रेस सभापति शेरबहादुर देउवा र एमाले अध्यक्ष केपी शर्मा ओलीलाई भेट गरी साबिक लेखनाथलाई छुट्टै स्थानीय तह घोषणा गरिदिन मागसमेत राखिसकेका छन् । साबिक लेखनाथ नगरपालिकाका संस्थापक नगरप्रमुख शालिग्राम पौडेलले सात तालको बगैँचा सहरका रूपमा विकास गरेर लेखनाथको पर्यटकीय रूपमा अगाडि बढाउने, यहाँका बाटा र पुलहरू निर्माण गरी सहरको विकास गर्ने योजना हुँदाहुँदै पनि ग्रेटर पोखराको अवधारणाको लोभ देखाउँदै पोखरा महानगरपालिकामा मिसाउनु नै लेखनाथको दुर्भाग्य रहेको उहाँको भनाइ छ ।

पोखरा महानगरपालिकामा मर्ज हुनुअघि लेखनाथ नगरपालिकाले केन्द्रीय वित्त आयोगले एक अर्ब ७५ करोड बजेट छुट्याइदिने र आफ्नै स्रोतसाधनबाट रु ७५ करोड राजस्व सङ्कलन हुँदा नगरको बजेट साढे २ अर्ब हुने गरेकामा पोखरा महानगरमा गाभिँदा वार्षिक ३१ करोडमात्र छुट्याउँदा लेखनाथमा विकास निर्माणको कार्य ठप्प बनेको भनाइ उहाँको छ । लेखनाथ उद्योग वाणिज्य सङ्घका पूर्वअध्यक्ष बाबुराम गिरीले लेखनाथ नगरपालिका पोखरा महानगरपालिकाका भागिएपछि लेखनाथको पहिचान नै गुमेको बताउँदै साझा स्वार्थका रूपमा लिएर लेखनाथवासीले प्राविधिक रूपमा साबिक लेखनाथ नगरपालिकालाई पोखराबाट छुट्याएर छुट्टै नगरपालिका बनाउन आवश्यक भएको कुरा बताउनुभयो । लक्ष्मी आदर्श बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख रामजी लामिछानेले भन्नुभयो, "साबिक लेखनाथवासीले पोखरा महानगरपालिकावासी मात्र भन्न पायौँ अरू केही पाएनौँ ।" पोखरा महानगरपालिकाले वार्षिक १५ अर्बको बजेट विनियोजन गर्छ तर साबिक लेखनाथका ६ वटा वडामा केवल रु ३१ करोडमात्र विनियोजन गरेर सौतेनी छोराको व्यवहार गरेको आरोप लगाउनुभयो । लेखनाथ उद्योग वाणिज्य सङ्घका अध्यक्ष छत्रधर आत्रेयले लेखनाथवासीको सामूहिक मुद्दा भएकाले शान्तिपूर्ण रूपमा आन्दोलन गरेर भए पनि पोखरा महानगरपालिकाबाट सालिक लेखनाथलाई छुट्याउने कार्यमा लाग्नुपर्नेमा जोड दिनुभयो । नेपाली कांग्रेसका नेता राजेन्द्रमणि लामिछानेले स्थानीयवासीले राखेको मागलाई दलहरूले अस्वीकार गर्न नमिल्ने भएकाले त्यस कार्यमा आफ्नो पसिन सहयोगी भूमिका रहने बताउनुभयो । स्थानीय मेघराज पौडेलले साबिक लेखनाथ नगरपालिका पोखरा महानगरपालिकामा मर्ज भएसँगै लेखनाथ क्षेत्रका सम्पदा संरक्षणको अभावमा क्षतविक्षत भएको भनाइ उहाँको थियो । लेखनाथ उद्योग वाणिज्य सङ्घका पूर्वअध्यक्ष लक्ष्मीराज त्रिपाठीले साबिक लेखनाथका बासिन्दा कामको सिलसिलामा पोखरा महानगरपालिकाको कार्यालयमा पुग्दा नगरप्रमुख र कर्मचारीले भेदभाव गर्ने गरेको आरोप लगाउनुभयो । स्थानीयवासी मोती गिरीले साबिक लेखनाथ नगरपालिका नै कायम गर्न सक्यौँ भने अबका दिनमा लेखनाथले विकास निर्माणको कार्यमा फड्को मार्न सक्ने भनाइ राख्नुभयो । अधिवक्ता लेखनाथ सापकोटाले पोखरा महानगरपालिकाले साबिक लेखनाथ नगरपालिकालाई डम्पिङ साइटका रूपमा लिने गरेको आरोप लगाउनुभयो। जागरुकनागरिकसमाज कास्कीका अध्यक्ष रामकृष्ण ढुङ्गानाको अध्यक्षतामा भएको उक्त अन्तरक्रिया कार्यक्रममा गङ्गा जिसी, गणपति ओझा, कृष्णप्रसाद पौडेल, कविराज खनाल, भीमपाणि बराल, जगन्नाथ तिमिल्सेना लगायतले आफ्ना भनाइ राख्नुभएको थियो ।

## अझै गठन भएनन् विषयगत समिति

पोखरापत्र संवाददाता
पोखरा, १९ बैशाख

गण्डकी प्रदेशसभाको दोस्रो कार्यकाल सुरु भएको चार महिना बितिसक्दा पनि 'मिनी ससंद्' मानिने विषयगत समितिहरु गठन हुनसकेका छैनन् ।

विषयगत समिति गठनमा ढिलाइ हुँदा कानुन निर्माणदेखि ससंदीय काम-कारबाही प्रभावित हुने देखिएको छ ।

विषयगत समिति नबन्दा सरकारले ल्याउने विधेयक दोहोरो बहस र छलफलबिनै सोझै सदनबाट पारित गर्नुपर्ने स्थिति छ । प्रदेशसभा सदस्यहरू नै कानुन निर्माणका अभ्यासमा भाग लिन पाएका छैनन् । प्रदेशसभा सचिवालयका प्रवक्ता प्रेम सुवेदीले विषयगत समिति गठनमा केही ढिलाइ भएको बताउनुभयो ।

प्रदेशसभा नियमावली मस्यौदाका लागि समिति गठन भइसकेकाले अब छिट्टै विषयगत समितिको पनि टुङ्गो लाग्ने उहाँले बताउनुभयो । "यो बीचमा सरकार फेरबदलदेखि राजनीतिक घटनाक्रम बढी भए, नियमावली मस्यौदा समितिको काम पनि प्रभावित बन्यो", उहाँले भन्नुभयो। प्रदेशसभा नियमावलीको मस्यौदा निर्माणका लागि प्रदेशसभाका ज्येष्ठ सदस्य विन्दुकुमार थापाको संयोजकत्वमा ११ सदस्यीय समिति बनेको छ । संयोजक थापाले प्रदेश सरकारले पूर्णता पाउनासाथ नियमावली मस्यौदाको कामलाई अगाडि बढाइने सचिवालयका प्रवक्ता सुवेदीले बताउनुभयो । "समितिको दुईवटा बैठक बस्यौँ, ज्येष्ठताका आधारमा अहिले म संयोजक छु, अब समितिले नै नयाँ संयोजक चुन्छ", उहाँले भन्नुभयो, "प्रदेशसभा नियमावली पुनःलेखनपछि विषयगत समिति तुरुन्तै गठन हुन्छ ।" विषयगत समितिको सङ्ख्या थपघट, नाम, कार्यक्षेत्र हेरफेर आदिको निर्क्योल नियमावलीअनुसार हुनेछ । विसं २०७४ को प्रदेशसभा नियमावलीमा व्यवस्था भएबमोजिम प्रदेशसभाको अघिल्लो कार्यकालमा विधायन, सार्वजनिक लेखा, अर्थ तथा विकास र प्रदेश मामिला गरी चारवटा विषयगत समिति क्रियाशील थिए । प्रदेशसभा सचिवालयका प्रवक्ता सुवेदीले प्रदेशसभा नियमावली प्रदेशसभाबाट पारित भएपछि विषयगत समिति गठनको प्रक्रिया अगाडि बढ्ने बताउनुभयो । "नियमावलीको व्यवस्थाअनुसार सभामुखले दलहरूबाट विषयगत समितिमा बस्ने सदस्यको नाम माग्नुहुन्छ", उहाँले भन्नुभयो । समिति गठन भएपछि दलहरूबीचको सहमतिमा समितिको सभापति निर्वाचित हुनेछन् । प्रदेशसभा सचिवालयका कानुन अधिकृत कुमार रिजालले कामकाजी र प्रभावकारी हुने गरी विषयगत समिति बनाउनुपर्ने उल्लेख गर्नुभयो । उहाँले विषयगत समिति गठनमा अब धेरै ढिलाइ गर्न नहुने बताउनुभयो । प्रदेशसभा सदस्यहरूले पनि विषयगत समिति गठनको माग गर्दै आएका छन् ।

**चट्याङबाट आफू बचौं र अरूलाई पनि बचाऔं।**

**चट्याङ पर्ने संभावना भएको बेला**

◆ घरबाहिर हुनुहुन्छ भने,
- अग्लो र एक्लो रुखमुनि नबस्ने,
- पौडिने, माछा मार्ने तथा ऱ्याफ्टिङजस्ता क्रियाकलाप नगर्ने,
- खुल्ला मैदानमा नबस्ने,
- धातुबाट बनेका तारबार नजिक नबस्ने,

◆ घरभित्र हुनुहुन्छ भने,
- विद्युतीय सामग्रीहरू जस्तै टीभी, कम्प्यूटर, फ्रिज, वासिङ मेसिन, मोवाइल फोन नजिक नबस्ने र प्रयोग नगर्ने,
- तारसहितको टेलिफोन (ल्याण्डलाईन) प्रयोग नगर्ने,
- घरबाट बाहिर ननिस्किने,
- धारामा नुहाउने, लुगा धुने र भाँडा माझ्ने काम नगर्ने।

नेपाल सरकार
विज्ञापन बोर्ड

## गण्डकीमा अन्तर्राष्ट्रियस्तरको क्रिकेट रंगशाला : मुख्यमन्त्री पाण्डे

पोखरापत्र संवाददाता
पोखरा, १९ बैशाख

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले प्रदेशमा अन्तर ाष्ट्रियस्तरको क्रिकेट रङ्गशाला निर्माण गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

अन्तर्राष्ट्रिय मापदण्डको क्रिकेट रङ्गशालाका लागि यही वर्षदेखि आवश्यक बजेट विनियोजन गरी पूर्वाधार निर्माणको थालनी गरिने उहाँले बताउनुभयो । एसिसी प्रिमियर कप क्रिकेट प्रतियोगिताको फाइनल खेलमा आज नेपालले युनाइटेड अरब इमिरेट्स (युएई) लाई पराजित गरी एसिया कपमा छनोट भएपछि नेपाली टोलीलाई सामाजिक सञ्जालबाट बधाई ज्ञापन गर्दै मुख्यमन्त्री पाण्डेले क्रिकेट खेलका आवश्यक पूर्वाधार निर्माण सरकारको प्राथमिकतामा रहेको उल्लेख गर्नुभयो । कमजोर खेल पूर्वाधारका बीचमा नेपाली टोलीले उच्चस्तरीय प्रदर्शन गरेकामा उहाँले टिमका सबै खेलाडीलाई बधाई ज्ञापन गर्नुभएको छ। मुख्यमन्त्री पाण्डेले भन्नुभयो, "नेपालको जीत सारा नेपालीको भावनासँग जोडिएको छ । कमजोर पूर्वाधारका बीच यति उच्चस्तरीय प्रदर्शनबाट पुलकित भएको छु । साथै गण्डकीको क्रिकेट विकासका लागि सरकारको नेतृत्वका हिसाबले केही नयाँ गर्ने अठोट लिएको छु ।"

गण्डकी प्रदेशमा अन्तर ाष्ट्रिय मापदण्डको क्रिकेट स्टेडियम निर्माणका लागि प्रदेश सरकारले पटकपटक नीति कार्यक्रम तथा बजेटमा समावेश गरे पनि काम अघि बढ्न सकेको छैन । यसअघि विसं २०७७ मा पोखरा महानगरपालिका-३३ भरतपोखरीस्थित पशुपतिघाटमा क्रिकेट मैदान निर्माणका लागि प्रदेश सरकारले विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) बनाएको थियो ।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# पोखरा स्पोर्ट्स अवार्डको रौनकता बढ्दै, तयारीमा तिव्रता

**पोखरापत्र संवाददाता**
पोखरा, १९ बैशाख

गण्डकी प्रदेशकै गौरवको रुपमा रहेको सातौं संस्करणको पोखरा स्पोर्ट्स अवार्डको तयारीमा तिव्रता दिइएको छ। नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीले आयोजनामा गरेको अवार्ड कार्यक्रम यहीं बैशाख २३ गते शनिबार दिउँसो २ बजेपछि पोखरा सभागृह हलमा सुरु हुनेछ। अवार्ड कार्यक्रमलाई भव्य बनाउन गठन भएका मुल आयोजक समिति सहित विभिन्न १३ वटा उपसमितिले आफ्नो तयारीलाई अन्तिम चरणमा पुऱ्याएको मञ्चका महासचिव राजाराम पौडेलले जानकारी दिए।

अवार्ड कार्यक्रममा वर्ष खेलाडी पुरुष, वर्ष खेलाडी महिला, लाइफटाइम अचिभमेन्ट अवार्ड, वर्ष उत्कृष्ट प्रशिक्षक, वर्ष उदीयमान खेलाडी, वर्ष उत्कृष्ट खेलकुद संघसंस्था वा क्लब र वर्ष उत्कृष्ट खेल पत्रकार अवार्ड गरेर कुल सातवटा विधामा अवार्ड प्रदान गरिनेछ।

यि मध्येमा वर्ष खेलाडी पुरुष, वर्ष खेलाडी महिला, वर्ष उत्कृष्ट प्रशिक्षक, वर्ष उदीयमान खेलाडी गरेर चारवटा विधाको उत्कृष्ट तीन मनोनयन सार्वजनिक भैसकेको छ। जस अनुसार वर्ष खेलाडी पुरुष तर्फ क्रिकेटका करण केसी, आर्चरीका गंगाबहादुर कुँवर र टेनिसका प्रदिप खड्का मनोनयनमा परेका छन्। केसी बागलुङ, कुँवर तनहुँ र खड्का कास्की जिल्ला स्थायी ठेगाना भएका खेलाडी हुन्।

वर्ष खेलाडी महिलातर्फ आर्चरीकी रोजीना थापा मगर, फुटवलकी सावित्रा भण्डारी र आइटिएफ तेक्वान्दोकी सुस्मिता थापा मगर रहेका छन्। रोजीना र सुस्मिता बागलुङका हुन् भने सावित्रा लमजुङ जिल्लाकी हुन्।

वर्ष खेलाडी पुरुष र वर्ष खेलाडी महिला हुन सफल खेलाडीले टेल्जि नेपालको टाइगर इलेक्ट्रिक स्कुटर र ट्रफी हात पार्ने छन्। उदियमान खेलाडीतर्फ भलिवलका रवि केसी, फुटवलका सुमित श्रेष्ठ र क्रिकेटका सुवास भण्डारी रहेका छन्। केसी र भण्डारी बागलुङका हुन् भने श्रेष्ठ कास्कीका हुन्।

वर्ष उत्कृष्ट प्रशिक्षक तर्फ आर्चरीका किशोर कुमार गुरुङ, लनटेनिसका निरज थापा र आइटिएफ तेक्वान्दोका सुरज सुनार छन्। किशोर स्याङजाका हुन् भने निरज र सुरज कास्कीका हुन्। वर्ष उत्कृष्ट उदीयमान खेलाडी र वर्ष उत्कृष्ट प्रशिक्षक तर्फका विजेताले नगद ३५ हजार रुपैयाँको साथमा ट्रफी पाउने छन्। मनोनयन सार्वजनिक भएसँगै अवार्डको रौनकता झनै बढेको छ। यस्तै यो वर्षको लाइफटाइम अचिभमेन्ट अवार्ड बक्सिङ प्रशिक्षक विद्या प्रसाद मर्सानीलाई प्रदान गर्ने घोषणा भैसकेको छ। मर्सानीलाई चाँदीको करुवा, ट्रफी, ताम्रपत्र र दोसल्ला सम्मान गरिनेछ। वर्ष उत्कृष्ट खेल पत्रकार र वर्ष उत्कृष्ट खेलकुद संघसंस्था वा क्लबतर्फका अवार्ड विजेताले नगद ३५ हजार रुपैयाँको साथमा ट्रफी पाउने छन्। लाइफटाइम अचिभमेन्ट अवार्डको पुरस्कार सुपर मादी हाइड्रोपावर, उदीयमान खेलाडीको पुरस्कार सहारा क्लब पोखरा, उत्कृष्ट प्रशिक्षकको पुरस्कार ह्यूस्टन एजुकेसन, उत्कृष्ट खेलकुद संघसंस्था वा क्लब तर्फको पुरस्कार टाईगर गुप्र अफ पोखरा नेपाल तथा उत्कृष्ट खेल पत्रकारको पुरस्कार रामबजार निवासी स्व.सेनानी हेमबहादुर पुनको परिवारले प्रायोजन गर्ने सम्झौता भएको मञ्चका महासचिव पौडेलले जनाए। अवार्ड कार्यक्रमको थप आर्कषणको रुपमा कमेडी च्याम्पियनबाट चर्चामा आएका स्याङजाका मेक्सम गौडेलको स्ट्यान्ड अप कमेडी प्रस्तुती रहने समेत मञ्चले जनाएको छ। यसैगरी भेटियो सान्नानी सोल्टिबजारमा गीतबाट थप चर्चामा आएका लोक दोहोरी गायक निश्चल दवाडीको गायन प्रस्तुती, हिमाली सांस्कृतिक परिवार तथा सारेगम कला केन्द्रको नृत्य प्रस्तुती, डेमोस्ट्रेसन लगायतले अवार्ड कार्यक्रममा थप रौनकता थप्नेछ। प्रवेश निःशुल्क रहेको कार्यक्रममा उपस्थित हुन सबैजनालाई आयोजक खेलकुद पत्रकार मञ्च गण्डकीले अनुरोध गरेको छ। अवार्ड कार्यक्रमलाई सफल बनाउन मञ्चलाई विभिन्न क्षेत्रबाट सहयोग प्राप्त भएको छ। यसरी सहयोग गर्नेमा गण्डकी प्रदेश सरकार, पोखरा महानगरपालिका, राष्ट्रिय खेलकुद परिषद, प्रदेश खेलकुद परिषद गण्डकी, सिटिजन फर्निचर ट्रेड लिंक, आभ्या क्लब, परिचय एड्भर्टाइजिङ, नेपाल पर्यटन बोर्ड, टेल्जि नेपाल, तमु धिं युके, मझेरी रिसोर्ट एण्ड स्पा, सहारा युके, सहारा युकेका संस्थापक सल्लाहकारद्वय महेश गुरुङ र लोक बहादुर गुरुङ, भलिबलका पूर्व राष्ट्रिय खेलाडी तथा प्रशिक्षक मञ्जु गुरुङ, पूर्व राष्ट्रिय खेलाडी तथा समाजसेवी रुपक गुरुङ, रामबजार सोसाइटि युकेका अध्यक्ष राम गुरुङ, समाजसेवी चिनकाजी गुरुङ, पोखरेली मञ्च युकेका सल्लाहकार नरजङ्ग गुरुङ, मञ्चका पूर्व अक्ष्यक्ष प्रेमनारायण न्यौपाने, सञ्चारकर्मी गोविन्द थापा सिञ्जाली रहेका छन्। नेपाल औषधी व्यसायी संघ कास्की, अन्नपूर्ण गाउँपालिका, माछापुच्छ्रे गाउँपालिका, रुपा गाउँपालिका, मादी गाउँपालिका, केल्मीको नेपालको लागि आधिकारीक बिक्रेता कामारु ट्रेडिङ प्रा.लि., हाम्रो हस्तकला काठमाण्डौं, बतास अर्गनाइजेसन, नेपाल मुआथाई संघ गण्डकी, बिजी ट्रेड लिंक, सरुमा चुलो, भूतपूर्व खेलाडी मञ्च, नेपाल हवाई खेलकुद संस्था, सहारा हङकङ, क्लासिक चुलो, वल्ड लिंक, होटल बाराही, फुडमाण्डु, पोखरा महानगरपालिका वडा नं.३, ४, ९ र १५, पश्चिमाञ्चल सामुदायिक अस्पताल, रुपाकोट सुनचाँदी पसल, हाम्रो पोखरा सोफा होम, ओम बुद्ध नर्सरी लगायतले समेत सघाउने तय भैसकेको छ। अवार्ड कार्यक्रमको पब्लिक फोर के टेलिभिजनबाट प्रत्यक्ष प्रसारण हुनेछ। जसका लागि टेलिभिजनसँग सहकार्य गरिएको मञ्चले जनाएको छ।

त्यसोत मञ्च गण्डकी, गण्डकी प्रदेशका सम्पूर्ण खेलकुद पत्रकारको साझा संस्था हो। यो २०५७ सालमा खेलकुद पत्रकार मञ्च कास्कीका रुपमा स्थापना भएको थियो। देश संघीयतामा गएसँगै यसलाई नेपाल खेलकुद पत्रकार मञ्च गण्डकी प्रदेशका रुपमा स्तोरोन्नति गर्दै स्वायत्त संस्थाको रुपमा विकास गरिएको छ। हाल ७४ जना पत्रकार मञ्चमा आवद्ध छन्। खेलाडीलाई उर्जा थप्न नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीले २०७२ सालदेखि हरेक वर्ष पोखरा स्पोर्ट्स अवार्ड गर्दै आएको छ।

# वन महासंघ गण्डकीमा कालिदास

**पोखरापत्र संवाददाता**
पोखरा, १९ बैशाख



सामुदायिक वन उपभोक्ता महासंघ नेपाल गण्डकी प्रदेशको दोश्रो अधिवेशनले कालिदास सुवेदीको अध्यक्षतामा ४५ सदस्यीय नया कार्य समिति चयन गरेको छ।

समितिको उपाध्यक्षमा खगराज सापकोटा र किशोर सापकोटा, महासचिव आशु विश्वकर्मा, सचिव केशवचन्द्र न्यौपाने, उपसचिव मिना अधिकारी र कोषाध्यक्षमा लिला दवाडी एवम् ३८ जना सदस्य सर्वसम्वत निर्वाचित हुनु भएको हो। सामुदायिक वन उपभोक्ता महासंघ नेपालका केन्द्रीय अध्यक्ष एवम् वागमती प्रदेश सभा सदस्य भारती पाठकले अधिवेशनको उद्घाटन गर्दै वन पैदावारलाई समृद्धिको अभियानमा जोडनुको विकल्प नभएको बताउनुभयो। सामुदायिक वनको काठ उपयोग नहने र बार्षिक विदेशबाट खरवौको काठ र काठजन्य वस्तु आयात हुने अवस्थाको अन्त्य गर्न सर्वसुलभ नितीको खाचो रहेको उल्लेख गर्दै उहाँले त्यसका लागि सरकार जिम्मेवार हुनु पर्नेमा जोड दिनुभयो। वनको सम्पूर्ण अधिकार स्थानीयत तहलाई उपलव्ध गारउनु पर्ने माग गर्दै अध्यक्ष पाठकले भन्नुभयो, "उपभोक्ताले छोराछोरी जस्तै गरि हुर्काएको वन टुलुटुलु हेरेर होईन निर्वाधिकरुपमा उपयोग गर्न पाउनु पर्दछ।" गाउँपालिका महासंघ गण्डकी प्रदेशका अध्यक्ष एवम् कास्कीको रुपमा गाउँपालिकाका अध्यक्ष नवराज ओझाले मानव वन्य जन्तुद्धन्द अन्त्यका लागि तीनै तहका सरकार जिम्मेवार हुनुपर्ने बताउनुभयो। बाँदर लगायतका वन्य जन्तुले कृषकलाई गाउँमा अडिनै नदिएको उल्लेख गर्दै उहाँले कानूनी प्रकृया मिलाएर नेपाल र चाईना बीच बाँदर र च्याङ्ग्रा आदान प्रदान गर्नुपर्ने आवश्यकता औल्याउनुभयो।

कार्यक्रममा महासंघका उपाध्यक्ष भिमप्रकाश खड्का, महासचिव विर्खबहादुर शाही, सचिव ठाकुर भण्डारी, कोषाध्यक्ष पार्वता गौतमले उपभोक्ताको अथक प्रयासबाट वन क्षेत्र वृद्धि भएको उल्लेख गर्दै दिगो वन व्यवस्थापन प्रणालीमार्फ वन पैदावारको उपयोग गर्नुपर्नेमा जोड दिनुभयो। महासंघ प्रदेश अध्यक्ष कालिदास सुवेदीको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष खगराज सापकोटा, कास्की अध्यक्ष विश्वनाथ लामिछाने, स्याङजाका पूर्वअध्यक्ष दोवबहादुर कार्की लगायतले वनको महत्व माथि चर्चा गर्नुभएको थियो। अधिवेशनमा महासचिव रत्ना घिमिरे र कोषाध्यक्ष गिता शर्माले सांगठनिक र आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो। अधिवेशनमा गण्डकी प्रदेशका ११ जिल्लाका छ सय प्रतिनिधिको सहभागिता रहेको थियो।

# कास्की कारागारका कैदीबन्दीमा क्षयरोगको संक्रमण

**पोखरापत्र संवाददाता**
पोखरा, १९ बैशाख

कास्की कारागारका थप १३ जना कैदीबन्दीमा क्षयरोगको सङ्क्रमण भेटिएको छ। कारागारका सात सय ३३ जना कैदीबन्दीको स्वास्थ्य परीक्षण गर्दा १३ जना कैदीबन्दीमा क्षयरोगको सङ्क्रमण भेटिएको हो।

कारागारमा चार जना पुरानै क्षेयरोग सङ्क्रमित रहेका छन्। हाल कास्की कारागारभित्र नयाँ र पुराना गरी १७ जना क्षयरोग सङ्क्रमित पुगेका छन्। कास्की कारागारका जेलर भीमराज कोइरालाका अनुसार क्षयरोग रोगको आशङ्कामा ३६ जनाको नमूना जाँचका लागि क्षयरोग केन्द्रमा पठाइएको छ।

"पुराना र नयाँ क्षयरोग सङ्क्रमण १७ जनालाई कारागारभित्र छुट्टै कोठामा राखिएको छ। सोमबार र मङ्गलबारको परीक्षणबाट भेटिएका नयाँ १३ सङ्क्रमणलाई पनि बुधबारदेखि नै औषधि चलायौँ", जेलर कोइरालाले भन्नुभयो। जापान-नेपाल स्वास्थ्य तथा क्षयरोग अनुसन्धान संस्था (जन्त्र) ले कास्की कारागारमा सोमबारदेखि कैदीबन्दीको क्षेयरोग परीक्षण गरेको हो। उक्त संस्थाका कार्यकारी निर्देशक रामशरण गोपालीले डिजिटल चेष्ट एक्सरे मेसिनको माध्यमबाट कैदीबन्दीको क्षयरोग परीक्षण गरिएको जानकारी दिनुभयो। एक चिकित्सकसहित पाँच जना प्राविधिक टोलीले सोमबारदेखि कास्की कारागारका कैदीबन्दीको क्षयरोग सङ्क्रमणको जाँच गरेको हो। उक्त मेसिनबाट छातीको एक्सरे गरी सङ्क्रमण भेटिएमा उपचारका लागि समन्वय र व्यवस्थापन गरिने जानकारी उक्त संस्थाका निर्देशक गोपालीले बताउनुभयो। कास्की कारागारलगतै बुधबारदेखि बालसुधार गृह सराङकोटका ८५ बालकको क्षयरोग सङ्क्रमण जाँच गरिने उहाँले जानकारी दिनुभयो।

उक्त संस्थाले नेपाल सरकारको राष्ट्रिय क्षयरोग कार्यक्रमसँग हातेमालो गर्दै बागमती र गण्डकी प्रदेशमा क्षयरोगको सक्रिय खोजपड्ताल गर्दै आएको छ। विशेषगरी कारागार, वृद्धाश्रम, बालसुधार गृह, उद्योग तथा कलकारखाना, सुकुम्बासी तथा मजदुर बस्ती तथा गुम्बामा क्षयरोगीको खोजपड्ताल गर्ने गरेको उहाँले बताउनुभयो। सङ्क्रमणलाई नियमित औषधि सेवनका लागि कास्की कारागारको स्वास्थ्य शाखाको निगरानीमा हुने जानकारी जेलर कोइरालाले बताउनुभयो। क्षयरोग लागेर औषधि सेवन गरेकामध्ये ९० प्रतिशत निको भएको जानकारी जापान-नेपाल स्वास्थ्य तथा क्षेयरोग अनुसन्धान संस्थाका म्यानेजर विजय महर्जनले दिनुभयो। कास्की कारागारका कैदीबन्दीमा क्षयरोग, छाला, छारेरोग, डिप्रेसन, निमोनियालगायतका बिरामी रहेको कास्की कारागारका अहेव तपरमण पोखरेलले बताउनुभयो। कास्की कारागारमा सात सय ३३ कैदीबन्दी र चार नाबालक छन्। सात सय ३३ मध्ये ३९ जना महिला कैदीबन्दी छन्। कारागारमा खानेपानी, बिजुली, बस्ने ठाउँ, स्वास्थ्योपचार र सुरक्षाको समस्या छ। कारागारका सबैजसो भवन जीर्ण भएको कारागार प्रशासनले जनाएको छ। आधारभूत आवश्यकता खानेपानीकै हाहाकार छ। कारागारमा कैदी, बन्दीको सुरक्षा र खाने, बस्ने व्यवस्थापन गर्नकै लागि अप्ठ्यारो भएको कारागार जेलर कोइरालाले बताउनुभयो। एक थुनुवाका अनुसार कारागारमा खानेपानीको सधैँ समस्या छ। कारागारमा पानी त आउँछ तर अपुग हुन्छ। खानेपानीमात्रै होइन, उनीहरु सुत्नसमेत राम्रोसँग पाउँदैनन्। प्लास्टिक म्याट बिछ्याएर भुइँमै सुत्नुपर्ने बाध्यता छ। वर्षा लागिसक्यो बर्सातमा पानी चुहिने डर छ, जस्तापात पुराना भइसके, एक थुनुवाको गुनासो छ।

# पोखरामा मुआथाई मार्शल आर्टको समर क्याम्प सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, १९ बैशाख

पोखरामा मुआथाई मार्शल आर्टको समर क्याम्प सुरु भएको छ। पाँच हप्ते लामो क्याम्पमा विभिन्न विद्यालयका एक सय १८ विद्यार्थी सहभागी छन्। ती मध्ये ५२ जना अन्य मार्सल आर्ट खेलसँग सम्वद्ध रहेको मुआथाईका अन्तर्राष्ट्रिय प्रशिक्षक एवम् कार्यक्रम संयोजक खगेन्द्र क्षेत्रीले जानकारी दिनुभयो। उहाँसहित ज्ञानेन्द्र सिंह, अनिश बुढामगर, सुष्मा चौधरी, अर्मान गुरुङ र आयुष गुरुङले निःशुल्करूपमा सहभागीहरूलाई प्रशिक्षण दिनुहुनेछ। प्रशिक्षक क्षेत्रीले निःशुल्क टिसर्ट, पानीको बोतल, झोला र किट्स सहभागीलाई निःशुल्क प्रदान गर्नुभएको छ।

क्याम्पलाई नेपाल मुआथाई सङ्घ गण्डकी प्रदेश र नेपाल राष्ट्रिय मुआथाई सङ्घको सहयोग एवम् समन्वय रहेको छ। थाइल्याण्डबाट सुरु भएको यो खेल हाल विश्वभर फौलिएको छ। तेह्रौं शताब्दीमा युद्धकला सिक्न सुरु भएको मुआथाईलाई १८औं शताब्दीमा तत्कालीन राजाहरूले खेलकोरूपमा विकास गरेका थिए। विश्वकै पहिलो प्राथमिकताको मार्शल आर्ट खेलकोरूपमा विकास भएको र यसबाट थाइल्याण्डको अर्थतन्त्रमा समेत सकारात्मक प्रभाव परेको बताइन्छ। विश्वका सयौं मार्शल आर्ट खेलाडी यो खेल सिक्न थाइल्याण्ड पुग्ने गरेका छन्।

नेपालमा पछिल्ला समयमा विस्तारै यो खेलको विकास हुँदै आएको छ। उक्त क्याम्प शुभारम्भ गर्दै गण्डकी प्रदेशसभा सदस्य प्रकाश बरालले यसबाट विद्यार्थीभित्रको अन्तर्निहित खेल क्षमता उजागर गर्न सहयोग पुग्ने बताउनुभयो। आत्मरक्षा र खेल विकासका लागि समेत क्याम्प उत्तिकै महत्वपूर्ण रहने बताउँदै उहाँले निःशुल्करूपमा आयोजित यस प्रशिक्षणलाई अन्य खेलकुद सम्वद्ध संस्थाले समेत आत्मसात गर्नुपर्नेमा जोड दिनुभयो।

खेलकुदका प्रदेश निर्देशक कृष्ण तिमिल्सिना, सिनियर मार्शल आर्ट प्रशिक्षक शिव गुरुङलगायतले खेलको महत्वबारे चर्चा गर्नुभएको थियो थियो।


## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।

महिलाहरुमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

